# आधारभूत तह परीक्षा-२०८०
# काठमाडौँ महानगरपालिका
## विषय : सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा

समय : २ घण्टा | पूर्णाङ्क : ५०

कक्षा : ८

**(परीक्षार्थीले दिइएको निर्देशनका आधारमा आफ्नै शैलीमा मौलिक तथा सिर्जनात्मक उत्तर दिनुपर्ने छ ।)**

---

**समूह 'क' तल दिइएका प्रश्नको अति छोटो उत्तर लेख्नुहोस् । (९×१ = ९)**

---

१. विकासलाई एक वाक्यमा परिभाषित गर्नुहोस् ।

२. धर्म परम्पराको कुनै एक सकारात्मक पक्ष लेख्नुहोस् ।

३. तपाईंले पालना गर्दै आउनु भएको दुईओटा आदर्श व्यवहारको सूची तयार गर्नुहोस् ।

४. नेपालको संविधान अनुसार प्रतिनिधि सभाको सदस्यका लागि उम्मेदवार बन्न कति वर्ष उमेर पूरा गरेको हुनुपर्छ ?

५. दाइजो प्रथाविरुद्ध एउटा आकर्षक नारा तयार पार्नुहोस् ।

६. समाजमा रहेका समस्या र विकृतिलाई कसरी न्यूनीकरण गर्न सकिन्छ ? आफ्नो विचार एक वाक्यमा लेख्नुहोस् ।

७. वैदेशिक रोजगारलाई परिभाषित गर्नुहोस् ।

८. नेपाली नोटको संरक्षण गर्न तपाईंले कस्तो तरिका अपनाउँदै आउनु भएको छ ? एक वाक्यमा लेख्नुहोस् ।

९. बिमस्टेक (BIMSTEC) को सदस्य भएको नाताले नेपालले अधिकतम फाइदा लिन के गर्नुपर्ला ? कुनै एक सुझाव दिनुहोस् ।

**समूह 'ख' तल दिइएका प्रश्नको छोटो उत्तर लेख्नुहोस् ।** (७×३ =२१)

१०. तपाईं बसेको प्रदेशको भौगोलिक, सामाजिक, सांस्कृतिक अवस्था उल्लेख गर्दै साथीलाई पठाउने ईमेलको नमुना तयार पार्नुहोस् ।

११. "नेपाल विविधताको सङ्गम थलो हो ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

१२. समाजलाई लागु पदार्थ दुर्व्यसनवाट मुक्त वनाउने तीनवटा उपायहरू उल्लेख गर्नुहोस् ।

१३. पुनर्जागरण कालमा कला र साहित्यिक क्षेत्रमा भएका कुनै तीनओटा उपलब्धिहरूको सूची तयार गर्नुहोस् ।

१४. जलवायु परिवर्तनका असर कम गर्न अपनाउनु पर्ने उपायहरुको सूची तयार गर्नुहोस् ।

१५. जनसङ्ख्याको बनोटले सामाजिक र आर्थिक जनजीवनमा पार्ने प्रभाव विश्लेषण गर्नुहोस् ।

१६. कुटनीतिक नियोगले गर्ने प्रमुख कार्यहरू समावेश गरी संवाद तयार गर्नुहोस् ।

**समूह 'ग' तल दिइएका प्रश्नको लामो उत्तर लेख्नुहोस् ।** (४×५ =२०)

१७. "समावेशिताले सवै वर्ग, जातजाति, धर्म, क्षेत्र, लिङ्गका व्यक्तिको आफ्नो पहिचान र सम्मान कायम हुन्छ ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

१८. किराँतकालको सामाजिक तथा आर्थिक अवस्था उल्लेख गर्नुहोस् ।

१९. वित्तीय संस्थावाट प्राप्त गर्न सकिने सेवाहरू उदाहरणसहित लेख्नुहोस् ।

२०. पृष्ठ भरीको नेपालको नक्सा कोरी उचित सङ्केतहरूको प्रयोग गरी निम्न तथ्यहरू भर्नुहोस् । (३+२ = ५)

जुगल हिमाल, रानीपोखरी

समाप्त